# प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५/०६/१९

संवत् २०७५ सालको ऐन नं. १९

<u>प्रस्तावनाः</u> प्रदेश तथा स्थानीय तहको राजस्व संकलन, राजस्व बाँडफाँड, अनुदान, ऋण र वित्त व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश नं १ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ।

(ख) "प्रदेश संचित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश संचित कोष सम्झनु पर्छ ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ।

(घ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ज) "स्थानीय संचित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय संचित कोष सम्झनु पर्छ ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>राजस्वको बाँडफाँडः</u> (१) प्रदेश र स्थानीय तह दुबैको अधिकार क्षेत्र अन्तर्गत प्रदेशले कर निर्धारण गरी उठाएको कर तथा गैरकर राजस्वको रकम बाडँफाँड गर्न प्रदेश सरकारले प्रदेश विभाज्य कोषको स्थापना गरी त्यस्तो रकम सो कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश र स्थानीय तहबीच बाँडफाँड गरिने रकम मध्ये प्रदेश सरकारले प्राप्त गर्ने ६०% रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ र स्थानीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तहलाई बाँडफाँड गर्नुपर्ने ४०% रकम प्रदेश सरकारले स्थानीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिस अनुसार स्थानीय तहलाई बाँडफाँड गरिने छ ।

(४) उपदफा (३) बमोजिम बाँडफाँडबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम बाँडफाँड हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ ।

४. <u>वित्तीय समानीकरण अनुदान:</u> (१) संविधानको धारा ६० को उपधारा (५) बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँड हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. <u>सशर्त अनुदानः</u> (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

(३) सशर्त अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>समपूरक अनुदानः</u> (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछ ।

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(घ) योजना कार्यान्वयन गर्नसक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता ।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>विशेष अनुदान:</u> (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने ।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>नेपाल सरकारसँग ऋण लिन सक्ने:</u> (१) प्रदेश सरकारले नेपाल सरकारसँग ऋण लिन सक्नेछ ।

(२) ऋण लिने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>आन्तरिक ऋण लिन सक्ने:</u> (१) नेपाल सरकारको सहमतिमा आयोगले सिफारिस गरेको सिमा भित्र रही प्रदेश सरकारले आन्तरिक ऋण लिन सक्नेछ ।

(२) प्रदेश सरकारले प्रचलित कानूनको अधिनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण लिन/जम्मा गर्न सक्नेछ ।

(३) प्रदेशले आन्तरिक ऋण लिन नेपाल सरकारसँग सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त प्रतिफल, उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको बिवरण सहितको प्रस्ताव नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ । त्यस्तो प्रस्तावका आधारमा नेपाल सरकारले प्रदेश सरकारलाई आन्तरिक ऋण लिने सहमति दिनेछ ।

(४) यससम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>वैदेशिक अनुदान तथा ऋण लिन सक्ने:</u> (१) नेपाल सरकारको पूर्व स्वीकृति र जमानतमा प्रदेश सरकारले बैदेशिक ऋण लिन सक्नेछ साथै नेपाल सरकारको पूर्व स्वीकृति लिई अनुदान वा सहयोग लिन वा सहयोग वा अनुदानमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले वैदेशिक सहायताको परिचालनवाट प्राप्त हुने प्रतिफल र उपलव्धिहरुको आँकलन गरी पारदर्शी रुपमा वैदेशिक सहायता लिइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त वैदेशिक ऋण अनुदान र सहयोग संघीय सरकार वा प्रदेश सरकारले तोकेको प्राथमिकता र आवश्यकताको क्षेत्रमा गरिनेछ।

११. <u>**अनुदानको प्रयोगः**</u> यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

१२. <u>**कार्यविधि बनाउन सक्नेः**</u> यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १